annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ४८, पृष्ठ १० | काठमाडौं, बुधबार ३ असार २०८३ | ज्येष्ठ शुक्लपक्ष द्वितीया नेपाल संवत् ११४६ | WEDNESDAY, JUNE 17, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


आवरण समाचार

# गाउँका विद्यालय रित्तिँदै, सहरमा भर्नाकै समस्या

मुलुकका ५० प्रतिशत बढी सामुदायिक विद्यालयमा १ सयभन्दा कम विद्यार्थी अध्ययन गर्छन्। यसले स्पष्ट देखाउँछ-गाउँका विद्यालयमा विद्यार्थीको चरम अभाव। गाउँबाट बढ्दो बसाइँसराइ र गुणस्तरीय शिक्षाका लागि सहर पस्ने प्रवृत्तिका कारण गाउँका सामुदायिक विद्यालय रित्तिँदै गएका छन्। विद्यार्थीलाई गाउँकै विद्यालयमा 'आकर्षित गर्ने' सरकारको नीति र कार्यक्रम नआए आउँदा दिनमा यो समस्या झनै विकराल भन्ने शिक्षाविद्हरू बताउँछन्। गाउँका विद्यालय धमाधम बन्द हुँदै एकापसमा गाभिन थालेपछि गाउँको पहिचानसमेत मेटिँदै जान थालेको छ।

**केशरराज क्षेत्री** | *बुटवल*

समाचार पृष्ठ २




ई-पासपोर्ट ठेक्का प्रकरण

## राहदानी विभागका महानिर्देशकसहित दुई पक्राउ

**काठमाडौं** (अन्नपूर्ण): अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ५ वर्षका लागि ६४ लाख थान विद्युतीय राहदानी खरिद तथा छपाइ ठेक्का प्रक्रियामा भएको अनियमितता छानबिनका लागि राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल र सूचना प्रविधि निर्देशक सुनीलकुमार केसीलाई नियन्त्रणमा लिएको छ।

कैलाली जान लागेका महानिर्देशक अर्याललाई त्रिभुवन विमानस्थलबाटै बोलाएर नियन्त्रणमा लिइएको हो। उनीहरूमाथि अनुसन्धान गर्न विशेष अदालतले ४ दिनको म्याद दिएको छ।

करिब १२ अर्ब रुपैयाँ बजेटको उक्त ठेक्का प्रक्रियामा राहदानी विभागले बोलपत्रका नियमहरू मिचेर जर्मन कम्पनीहरू मुहलबाउर र भेरिडोसलाई ७ अर्ब ६६ करोड रुपैयाँमा ठेक्का दिने निर्णय गरेको थियो। विगत १६ वर्षदेखि नेपालको पासपोर्ट छाप्दै आएको फ्रान्सेली कम्पनी आईडीईएमआईएले विनिमयदरको गलत मूल्यांकन गरिएको र प्राविधिक स्पेसिफिकेसनमा अनिवार्य भनिएको 'ब्लेड सर्भर' को सट्टा 'र्‍याक सर्भर' स्वीकृत गरी ऐन-नियम मिचिएको भन्दै सार्वजनिक खरिद पुनरावलोकन समितिमा उजुरी दिएको थियो।

» बाँकी पृष्ठ ६

# नेपाल-भारत सीमाको निगरानी सेटलाइटबाट

### कालापानी र सुस्ताप्रति बेवास्ता


**जे पाण्डे** | *नेपालगन्ज*

नेपाल-भारत सीमा, दशगजा, र सीमास्तम्भहरूको अध्ययन सकेको संयुक्त फिल्डसर्भे टिम (एफएसटी) का अधिकारीहरू पूर्वदेखि पश्चिमका सीमा स्तम्भ र त्यहाँ हुनसक्ने सम्पूर्ण गतिविधिमाथि निगरानी गर्न 'सेटलाइट' प्रणाली (जीपीएस) जडान गर्न सहमत भएका छन्।

बाँके, बर्दिया, दाङ र कपिलवस्तुसँग सीमा जोडिएका क्षेत्रको दशगजाको स्थलगत अवस्था अध्ययन तथा निरीक्षण सकेको ३ नम्बरको फिल्डसर्भे टिमको मंगलबार नेपालगन्जमा सम्पन्न संयुक्त बैठकका अधिकारीहरू दशगजाको सुरक्षाका लागि जीपीएस जडान गर्न सहमत भएका हुन्।

'सेटलाइट प्रविधिमा गएपछि सुरक्षा निगरानी बढ्नुका साथै हाम्रो सीमा विश्व सर्भे प्रणालीसँग जोडिन पुग्छ,' बैठकपछि नापी विभागका प्रमुख नापी अधिकृत खिमबहादुर रानाले भने।

बैठकअघि संयुक्त फिल्ड सर्भे टिम (एफएसटी) का अधिकारीहरूले नवलपरासीको बर्दघाट, कपिलवस्तुको तिलौराकोट, दाङको लमही र बाँकेको कालाबन्जारमा जडान भएका प्राइमरी स्टेसनबाट




तथ्यांक (डाटा) संकलन गरेका थिए। ती स्टेसन विश्वव्यापी स्थान निर्धारण प्रणाली (जीपीएस)मा जान निर्माण गरिएका हुन्।

नेपाल र भारत दुवैतिरका फिल्डसर्भे टिमका अधिकारीहरू पूर्वको सुकेटारदेखि पश्चिम दार्चुलासम्म खटिएका थिए। उनीहरूले १४ वटा स्टेसनबाट डाटा संकलन गरिसकेका छन्। बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङका अनुसार देशभर ४ वटा सर्भे टिम परिचालन भएका थिए। सबैले आआफ्ना प्रतिवेदन नापी विभागमा बुझाइसकेको तामाङले बताए।

तर, सीमा र सीमास्तम्भको सुरक्षा र निगरानीका लागि जडान गरिने सेटलाइट प्रविधि कहिलेबाट जडान गर्ने भन्नेमा नेपाल-भारतको उच्चस्तरीय समूहले टुंगो लगाउने छन्।

खासगरी खुला सीमानामा शंकास्पद गतिविधि रोक्न यस्तो प्रविधिको प्रयोग गर्ने गरिन्छ। यो प्रणालीले चौबीसै घण्टा अर्थात् रात होस् वा कुहिरो लागेको बेला र घना जंगलमा पनि प्रभावकारी रूपमा काम गर्ने बताइएको छ। जसले सुरक्षा निकायको नियन्त्रण कक्षमा तुरुन्तै संकेत पठाउँछ।

» बाँकी पृष्ठ ६

टिप्पणी

## चीनको आशंका, नेपालको आश्वासन



**कमलदेव भट्टराई**

परराष्ट्रमन्त्री शिशिर खनालले अहिले गरेको चीन भ्रमणलाई सामान्य कूटनीतिक कार्यक्रमका रूपमा मात्र हेर्न मिल्दैन। नेपालमा राजनीतिक परिवर्तन, दक्षिण एसियामा तीव्र बन्दै गएको शक्ति प्रतिस्पर्धा र चीनका बढ्दो सुरक्षा तथा रणनीतिक चासोका बीच भएको यो भ्रमणले नेपालको वर्तमान परराष्ट्र नीतिको दिशा र प्राथमिकताबारे महत्वपूर्ण संकेत दिएको छ।

गत भदौ २३-२४ को हिंसात्मक आन्दोलनपछि नेपालमा बनेको नयाँ राजनीतिक समीकरणले बेइजिङलाई सुरुदेखि नै चासो र केही हदसम्म चिन्तित बनाएको थियो। आन्दोलनपछि चीनसँग दशकौँदेखि निकट सम्बन्ध राख्दै आएका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र सत्ता बाहिरिए भने चीनसँग संस्थागत सम्बन्ध खासै विकास नभएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुईतिहाइ बहुमतसहित सरकारमा आयो। यही परिवर्तनले चीनलाई नेपालप्रतिको आफ्नो परम्परागत राजनीतिक बुझाइ पुन: मूल्यांकन गर्न बाध्य बनायो।

आन्दोलन लगत्तैदेखि बेइजिङले नेपालमा आफ्नो सुरक्षा र रणनीतिक हित प्रभावित हुन सक्ने आशंका व्यक्त गर्दै आएको छ। नेपालले सार्वजनिक रूपमा एक-चीन नीतिप्रति प्रतिबद्धता दोहोर्‍याए पनि चीन पूर्ण रूपमा आश्वस्त हुन सकेको देखिँदैन। यही पृष्ठभूमिमा परराष्ट्रमन्त्री खनालको चीन भ्रमणलाई नयाँ सरकारको नीति, प्राथमिकता र चीनप्रतिको दृष्टिकोण बुझ्ने अवसरका रूपमा बेइजिङले उपयोग गरेको देखिन्छ।

विशेषगरी पछिल्लो वर्ष नेपालमा देखिएको 'जेन-जी आन्दोलन' र त्यसले जन्माएको नयाँ राजनीतिक शक्तिप्रति चीनले निकै चासो राखेको छ। परम्परागत दलहरूसँग सम्बन्धमार्फत नेपाललाई बुझ्ने चिनियाँ अभ्यासका लागि रास्वपाको उदय अप्रत्याशित राजनीतिक विकास थियो। त्यसैले बेइजिङका लागि यो भ्रमण केवल दुई देशबीचको सम्बन्धको समीक्षा मात्र नभई नयाँ सत्तारूढ शक्तिलाई प्रत्यक्ष बुझ्ने माध्यम पनि थियो।

भ्रमणका क्रममा चिनियाँ विदेशमन्त्री वाङ यीसँगको वार्तामा नेपालले आफ्नो पुरानो कूटनीतिक अडान दोहोर्‍यायो। परराष्ट्रमन्त्री खनालले नेपाल एक-चीन नीतिप्रति दृढ रहेको, ताइवान र तिब्बत चीनका आन्तरिक विषय भएको तथा नेपाली भूमिलाई चीनविरुद्ध कुनै गतिविधिका लागि प्रयोग हुन नदिइने स्पष्ट प्रतिबद्धता व्यक्त गरे। चीनका लागि यो भ्रमणको सबैभन्दा महत्वपूर्ण उपलब्धि सम्भवत: यही थियो।

बेइजिङको दृष्टिमा नेपाल केवल छिमेकी मुलुक मात्र होइन, तिब्बतसँग जोडिएको संवेदनशील सुरक्षा क्षेत्र पनि हो। पछिल्ला वर्षहरूमा दक्षिण एसियामा अमेरिकाको बढ्दो सक्रियता, इन्डो-प्यासिफिक रणनीति, एमसीसी, एसपीपीजस्ता पहल तथा पश्चिमी प्रभावको विस्तारलाई चीनले रणनीतिक दृष्टिले नियालिरहेको छ।

» बाँकी पृष्ठ ६

# तातो तावाजस्तो सडक, खाली खुट्टामै विद्यार्थी

**चर्को घामले तावाजस्तो तातिएको कालोपत्रे सडक हुँदै विद्यार्थी आत्तिँदै घर फर्कन्छन्।**

**शंकरप्रसाद खनाल** | *नरैनापुर*

सुटबुटमा ठाँटिएर स्कुल जाने विद्यार्थी त धेरैले देख्नु भएको होला ? तर, जेठ-असारको टन्टलापुर घाममा पनि खाली खुट्टामै विद्यालय जाने विद्यार्थी भने बाँकेमा छन्। शुक्रबार मध्याह्न नेपालगन्ज-सुइँया हुलाकी राजमार्ग हुँदै संवाददाता नरैनापुर पुग्दा एक हुल विद्यार्थी घर फर्कंदै थिए। १५ विद्यार्थीमध्ये ८ जना खाली खुट्टामा थिए। ७ जनाले चप्पल लगाएका थिए। कसैको खुट्टामा पनि जुत्ता थिएन। अधिकांश साधारण चप्पलमा थिए।

नरैनापुर गाउँपालिका-४ नरैनापुरमा रहेको मदरसा अरबिया गुल्सने वारिस नामक मदरसाको बालविकास कक्षामा अध्ययनरत २५ विद्यार्थीमध्ये धेरै जनासँग जुत्ताचप्पल छैन। खाली खुट्टा आउजाउ गर्छन्। बाँकेमा हाल ४० डिग्री सेल्सियसभन्दा बढी



**बाँकेको नरैनापुर गाउँपालिकाको मदरसाबाट खाली खुट्टामा घर फर्किंदै विद्यार्थी।**

● शंकरप्रसाद खनाल

तापक्रम छ। १० बजेपछि नै तातो हावा (लू) चल्न सुरु हुन्छ। मध्याह्न १२ बजेतिर त खपिनसक्नु गर्मी हुन्छ। चुल्होमा तात्तिएको तातो तावाजस्तो भएको कालोपत्रे सडक हुँदै विद्यार्थी खाली खुट्टा आत्तिँदै घर फर्कन्छन्। यो उनीहरूको दैनिकी नै बनेको छ।

उनीहरूले बिहान ८ बजे स्कुल आउँदा धर्ती चिसो हुने भए पनि १२ बजे घर फर्कंदा गर्मीले खुट्टा पोल्ने प्रतिक्रिया दिए। खाली खुट्टामा हुने अधिकांशले आफूले अहिलेसम्म जुत्ताचप्पल नलगाएको पनि बताए। सबै हतारहतार जाँदै थिए। साथसाथैमा थिइन्, बाल विकासकी शिक्षिका प्रीतिकुमारी बानियाँ। शिक्षिका बानियाँले जुत्ताचप्पल नभएर नै धेरैले नलगाएको बताइन्। 'कति विद्यार्थीको परिवार जुत्ताचप्पल किन्ने हैसियतका पनि छैनन्। आधाभन्दा कमले मात्र चप्पल लगाउँछन्', उनले प्रस्ट पारिन्। नरैनापुर र नौसाहारा गाउँका विद्यार्थीको विद्यालयदेखि चार पाँच सय मिटरको दूरीमा घर छ। हुलाकी राजमार्ग हुँदै, कि त खेतखेतै घर जानुपर्छ। खाली खुट्टा हिँड्दा उनीहरूले सास्ती भोग्नुपर्छ। त्यसो त मदरसामा बाल विकासका मात्र होइन, अरु कक्षाका केही विद्यार्थी खाली खुट्टामा आउँछन्। 'बहुत गरिब छन् सर। जुत्ताचप्पल किन्नै सक्दैनन्', मदरसाका प्रधानाध्यापक अब्दुल रहमानले भन्छन्, 'हामीले विद्यार्थीलाई जुत्ताचप्पल लगाएर आउन भन्छौं। अभिभावकलाई पनि किन्न भनेका छौं। पैसा नभएरै नकिनेका हुन् कि ?'

» बाँकी पृष्ठ ६